नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग

फोन नं. ४५३४११९, ४५११५३७, ४५१९५०१
फ्याक्स (९७७-१)-४५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल

पत्र संख्या :- ०८२/८३(अनुमतिपत्र महाशाखा)
च. नं. :- 23

मितिः २०८२/०४/०५

विषयः विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे ।

श्री विद्युत उत्पादन कम्पनी लिमिटेड
बुद्धनगर, काठमाण्डौ वाड नं १०, नेपाल
फोन नं :०१-४७८८६८०

प्रस्तुत विषयमा तहाँबाट पेश भएको किमाथांका अरुण जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतिपत्रको दरखास्त उपर कारवाही हुँदा पुनः ०७ (सात) दिनभित्र निम्नानुसार कागजात/विवरणहरु पेश गर्नुहुन मिति २०८२/०४/०२ को विभागीय निर्णयानुसार अनुरोध छ। साथै, सोहि अवधिमा आयोजना सम्बन्धमा प्राविधिक प्रस्तुतीकरण गर्नुहुन समेत सोहि निर्णयानुसार जानकारी गराइन्छ।

पेश गर्नुपर्ने कागजात/विवरणहरु (प्रतिलिपिहरु **Notarize** गरी पेश गर्नुहुन)

१. कम्पनिको अध्यावधिक कागजातहरु (कम्पनी अध्यावधिकको पत्र तथा पछिल्लो कर चुक्ता प्रमाण पत्र)।
२. उद्योग दर्ताको प्रमाण पत्र।
३. शेयर र ऋण लगानीको अनुपात स्पष्ट खुल्ने विवरण तथा जानकारी
४. कम्पनीको स्वीकृत बार्षिक कार्यक्रम वा सञ्चालक समितिको निर्णयको प्रतिलिपि ।
५. शेयर पूँजी लगानी गर्ने प्रतिबद्धता गरिएको सञ्चालक समितिको निर्णयको प्रमाणित प्रति,
६. आयोजनामा प्रत्यक्ष रुपले ऋण लगानी गर्ने वित्तीय संस्थाहरुसङ्ग भएको ऋण सम्झौता वा ती संस्थाहरुले ऋण लगानी गर्न व्यक्त गरेको प्रतिबद्धतापत्र ।
७. आयोजनाको लागि आवश्यक घर-जग्गा र सोको उपयोग सम्बन्धी विवरण वा आयोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्ति गरिने सरकारी वा निजी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत।
८. बहाल रहेको कनेक्शन एग्रीमेन्ट।

(सविन दुलाल)
इन्जिनियर